# अर्थ मन्त्रालयसँग सम्बन्धित सार्वजनिक विवरण

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा नियमावली, २०६५को नियम ३ को प्रयोजनार्थ

## (२०७८ कार्तिक देखि २०७८ पौष सम्म)



अर्थ मन्त्रालय

सिंहदरबार

माघ,२०७८

**www.mof.gov.np**

# १. अर्थ मन्त्रालयको परिचय र उद्देश्य

## पृष्ठभूमिः

मुलुकको आर्थिक, वित्तीय तथा मौद्रिक व्यवस्थापन, समष्टिगत आर्थिक स्थायित्व तथा आर्थिक विकास क्षेत्रसँग सम्बन्धित सम्पूर्ण गतिविधिहरूको व्यवस्थापन अर्थ मन्त्रालयको प्रमुख जिम्मेवारी हो सार्वजनिक खर्च व्यवस्थापन, अन्तर सरकारी वित्त व्यवस्थापन, राजस्व संकलन, वैदेशिक सहायता व्यवस्थापन, नेपाल सरकारको आर्थिक प्रशासन, बैंकिङ्ग तथा वित्तीय क्षेत्र व्यवस्थापन, विदेशी विनिमय, बीमा र पूँजी बजारको व्यवस्थापन र नियमन, सार्वजनिक संस्थानको समग्र नीतिगत विषय तथा नेपाल सरकारको आर्थिक नीति एवं बजेट तर्जुमा र कार्यान्वयन अर्थ मन्त्रालयको जिम्मेवारीमा रहेको छ।

### दीर्घकालीन सोचः

नतिजामूलक सबल आर्थिक तथा वित्तीय व्यवस्थापनबाट अर्थतन्त्रको क्षमता अभिवृद्धि गरी दिगो, फराकिलो तथा उच्च दरको आर्थिक वृद्धि र सामाजिक न्याय सहितको विकासमा योगदान मार्फत सवल, समृद्ध र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने।

### उद्देश्यः

सार्वजनिक वित्तको प्रभावकारी र समुचित उपयोगबाट आर्थिक विकास, समष्टिगत आर्थिक स्थायित्व र अर्थतन्त्रको सुदृढीकरणमा सहयोग पुर्याउने।

### रणनीतिः

- दक्ष, व्यवसायिक, स्वच्छ, सुदृढ एवम् करदातामैत्री कर प्रशासनको विकास गरी प्रक्रियागत सरलीकरण र सूचना प्रविधिको प्रयोग बढाई करयोग्य सवै किसिमका आर्थिक क्रियाकलापहरूलाई करको दायरामा ल्याउने।
- सार्वजनिक खर्चलाई राष्ट्रिय प्राथमिकताका क्षेत्रहरूमा प्रभावकारी र न्यायोचित रुपमा विनियोजन गरी उच्च आर्थिक वृद्धि हासिल गर्ने।
- सार्वजनिक खर्चलाई मितव्ययी, प्रभावकारी र अनुशासित तुल्याउने।
- वैज्ञानिक, अनुमानयोग्य र पारदर्शी राजस्व प्रणालीको विकासबाट निजी लगानी मैत्री वातावरण सिर्जना गरी उत्पादनमूलक उद्योग तथा व्यवसाय प्रवर्द्धन र औद्योगिक संरक्षण प्रदान गर्ने। प्रदान गर्ने सेवा प्रवाह प्रणाली बीचमा प्रभावकारी सम्वन्ध स्थापित गर्ने।
- वित्तीय उत्तरदायित्व सम्बन्धी कानुनको कार्यान्वयन गर्दै पारदर्शी र उत्तरदायी आर्थिक तथा वित्तीय सूचना प्रणाली अवलम्वन गर्ने।
- निकासा, लेखाङ्कन र अन्तरिक लेखा परीक्षण गर्ने।
- अन्तराष्ट्रिय विकास सहायता परिचालन गर्दा सबै क्षेत्र, वर्ग र समुदायको सन्तुलित विकासमा ध्यान दिने।
- उच्च आर्थिक वृद्धिदर हासिल गर्ने, उत्पादन र उत्पादकत्व बढाउने, रोजगारीका अवसरहरु व्यापक रुपमा सिर्जना गर्ने।
- अन्तराष्ट्रिय विकास सहायतालाई मुलुकको विकासका पूर्वशर्त मानिने क्षेत्र र विषयहरुमा केन्द्रीत गर्ने।
- राष्ट्रिय बजेट प्रणालीमा आवद्ध हुनेगरी अन्तराष्ट्रिय विकास सहायता प्राप्त गर्ने र सहायता व्यवस्थापन सूचना प्रणाली सुदृढ गरी पारदर्शिता अभिवृद्धि गर्ने।

- अन्तरसरकारी वित्त व्यवस्थापनलाई प्रभावकारी तुल्याउँदै वित्तीय संघीयता कार्यान्वयन मार्फत स्रोत र साधनको उच्चतम प्रतिफलयुक्त ढङ्गले परिचालन गर्ने।
- वित्तीय संस्था र वित्तीय उपकरणहरूको माध्यमबाट उत्पादन र बजारको सुदृढीकरण गरी सक्षम वित्तीय प्रणालीको विकास गर्ने।
- सरकारी स्वामित्वमा रहेका संस्थानहरूको व्यवसायिक सञ्चालन गर्ने।
- आन्तरिक ऋण परिचालन गर्दा निजी क्षेत्रलाई स्रोतको अभाव नहुने गरी राष्ट्रिय प्राथामिकता प्राप्त विकास कार्यक्रममा परिचालन गर्ने।
- आन्तरिक ऋण व्यवस्थापन र बाह्य ऋण व्यवस्थापनलाई एकीकृत रुपमा छुट्टै निकाय मार्फत सञ्चालन गर्ने।


## २.कार्यक्षेत्रः

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहाय अनुसार रहेका छन्:

- आर्थिक अवस्थाको विश्लेषण, आर्थिक तथा वित्त सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन,
- आर्थिक साधनको बाँडफाँट, कुल राष्ट्रिय लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन,
- समष्टिगत आर्थिक स्थायित्व, मूल्यस्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन,
- विकास सहायता नीतिको तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
- केन्द्रीय बैंक सञ्चालन, नियमन र मौद्रिक तथा कर्जा नीति,
- बैंक तथा वित्तीय संस्थाहरू सम्बन्धी नीति, कानुन, समन्वय र नियमन,
- विदेशी मुद्रा सम्बन्धी कानून, नियमन तथा नियन्त्रण,
- आर्थिक तथा सामाजिक विकास र मुद्रा तथा बैङ्किङ्ग सम्बन्धी द्विपक्षीय, बहुपक्षीय अन्तराष्ट्रिय संस्थाहरूसँग सम्पर्क र समन्वय,
- वैदेशिक ऋण अनुदान तथा अन्य द्विपक्षीय र बहुपक्षीय सहायता सम्बन्धी सन्धि, सम्झौता र कार्यान्वयन,
- संघीय सञ्चित कोष वा संघीय सरकारी कोष सञ्चालन, राजस्व र व्ययको अनुमान, विनियोजन ऐन, पुरक अनुमान, पेश्की खर्च, उधारो खर्च, आकस्मिक कोष र अन्य सरकारी कोष,
- बजेट तर्जुमा कार्यान्वयन र नियमन,
- सरकारी जमानत,
- संघ, प्रदेश र स्थानीय तहको आन्तरिक र वैदेशिक ऋण एवं अनुदान सम्बन्धी नीति, कानुन र नियमन,
- तलब, भत्ता तथा उपदान निवृत्तिभरण लगायतका सेवा सुविधा र आर्थिक दायित्व सम्बन्धी विषय,
- संघ प्रदेश र स्थानीय तहको सार्वजनिक पदाधिकारीको सुविधा सम्बन्धी नीति कानुन र मापदण्ड,
- सरकारी बाँकी रकमको अभिलेखीकरण र असुली,
- राजस्व सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, प्रक्षेपण, कार्यान्वयन र नियमन,
- राजस्व प्रशासनको सञ्चालन र सुदृढीकरण,
- सार्वजनिक खर्च सम्बन्धी नीति, कानुन, कार्यान्वयन र नियमन,

- आर्थिक कार्यविधि सम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन,
- लेखा तथा लेखापरीक्षण प्रणाली,
- सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,
- संघ प्रदेश र स्थानीय तहबीच वित्तीय हस्तान्तरण सम्बन्धी नीति, कानुन, कार्यान्वयन, समन्वय र नियमन,
- संघीय विनियोजन, राजस्व, विभाज्य कोष, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्ति व्यवस्थापन,
- भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, आयकर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर एवं अन्य कर तथा गैरकर, सेवा शुल्क दस्तुर लगायतका सेवा शुल्कहरूको लक्ष्य निर्धारण, प्रशासन, सङ्कलन र बाँडफाँट,
- कर तथा भन्सार राजस्व सम्बन्धी द्विपक्षीय, क्षेत्रीय, बहुपक्षीय समन्वय सन्धि, सम्झौता, समझदारी, कार्यान्वयन र नियमन,
- राजस्व सम्बन्धी तथ्याङ्क अभिलेखन र सूचना आदान प्रदान,
- धितोपत्र तथा कमोडिटी बजार सम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- बीमा सम्बन्धी नीति कानुन मापदण्ड र नियमन,
- संघ, प्रदेश र स्थानीय तहमा राजस्व र प्राकृतिक स्रोत उपयोग वा लाभको बाँडफाँट सम्बन्धी नीति, कानुन, मापदण्ड र कार्यान्वयन,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सम्पर्क मन्त्रालयको कार्य,
- महालेखा परीक्षकको कार्यालयको सम्पर्क मन्त्रालयको कार्य,
- निक्षेप तथा कर्जा सुरक्षण कोष, कर्मचारी सञ्चयय कोष, नागरिक लगानी कोष, अवकास कोषको कार्य अनुगमन गर्ने कार्य,
- सरकारी स्वामित्वमा भएका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, बोनस, लगानी र लाभांश सम्बन्धी नीति निर्धारण,
- राजस्व र आर्थिक प्रशासन सम्बन्धी तालिम अध्ययन र अनुसन्धान,
- सार्वजनिक संस्थानहरू र निजीकरण सम्बन्धी नीति, कानुन, मापदण्ड अनुगमन र नियमन,
- मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी, आदिको सञ्चारलन र नियमन,
- नेपाल लेखापरीक्षण सेवाको सञ्चाजलन।

# अर्थ मन्त्रालयको स्वीकृत संगठन संरचना



## ३.अर्थ मन्त्रालयसँग सम्बन्धित ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको विवरण

अर्थ मन्त्रालयलाई निर्दिष्ट गरिएका कार्यहरू सम्पादन गर्ने सिलसिलामा मन्त्रालय र अन्तर्गतका निकायहरूले निम्नानुसारका कानूनको प्रयोग तथा परिपालना गर्नु पर्नेछ।

### ऐनहरू

- निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३
- कर्मचारी सञ्चय कोष ऐन,२०१९
- विदेशी विनिमय (नियमित) गर्ने ऐन, २०१९
- राष्ट्रिय बीमा संस्थान ऐन,२०२५
- मदिरा ऐन, २०३१
- राजस्व न्यायाधिकरण ऐन, २०३१
- नागरिक लगानी कोष ऐन,२०४७
- बीमा ऐन,२०४९
- निजीकरण ऐन,२०५०
- मूल्य अभिवृद्धि कर ऐन,२०५२
- ऋण तथा जमानत ऐन,२०५२
- अन्तर्राष्ट्रिय वित्तीय कारोबार ऐन,२०५४
- आयकर ऐन, २०५८
- अन्तःशुल्क ऐन, २०५८
- नेपाल राष्ट्र बैंक ऐन, २०५८
- बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
- राष्ट्र ऋण ऐन, २०५९
- सार्वजनिक खरिद ऐन, २०६३
- धितोपत्र सम्बन्धी ऐन, २०६३
- सुरक्षित कारोवार ऐन, २०६३
- भन्सार ऐन, २०६४
- बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
- निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- वस्तु विनिमय बजार सम्बन्धी ऐन,२०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- लेखापरीक्षण ऐन, २०७५
- योगदानमा आधारित निवृत्तभरण कोष ऐन, २०७५

- भुक्तानी तथा फछ्र्यौट ऐन,२०७५
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- सालवसाली आर्थिक ऐन

## नियमावलीहरू

- मदिरा नियमावली,२०३३
- बीमा नियमावली,२०४९
- मूल्य अभिवृद्धि कर नियमावली, २०५३
- बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५८
- आयकर नियमावली, २०५९
- अन्तःशुल्क नियमावली, २०५९
- धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६३
- धितोपत्र बजार सञ्चालन नियमावली, २०६४
- नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली, २०६४
- आर्थिक (कार्यविधि) नियमावली, २०६४
- भ्रमण खर्च नियमावली, २०६४
- भन्सार नियमावली, २०६४
- धितोपत्र व्यवसायी ( मर्चेन्ट बैंकर) नियमावली, २०६४
- धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४
- नेपाल धितोपत्र बोर्ड आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६६
- नेपाल धितोपत्र बोर्ड खरिद सम्बन्धी नियमावली, २०६६
- सामूहिक लगानी कोष नियमावली, २०६७
- धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७
- क्रेडिट रेटिङ्ग नियमावली, २०६८
- धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३
- वस्तु विनियम बजार सम्बन्धी नियमावली, २०७४
- नेपाल धितोपत्र बोर्ड खरिद नियमावली, २०७४
- विशिष्टिकृत लगानी कोष नियमावली, २०७५
- हेजिङ्ग सम्बन्धी नियमावली, २०७५
- धितोपत्र सूचीकरण तथा कारोबार नियमावली, २०७५
- कर्जा सुरक्षण नियमावली,२०७५
- निक्षेप सुरक्षण नियमावली, २०७५
- योगदानमा आधारित निवृत्तभरण कोष नियमावली, २०७६

- राजस्व परामर्श विकास समिति गठन आदेश, २०७६
- प्राईभेट फर्म रजिष्ट्रेसन नियमावली (तेह्रौ संशोधन) नियमावली,२०७६
- कर्जा सुरक्षण (दोश्रो संशोधन) नियमावली,२०७७
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७

## निर्देशिकाहरू

- आयकर निर्देशिका, २०६६ (तेस्रो संशोधन २०७७)
- अन्तःशुल्क निर्देशिका, २०६८ (परिमार्जित संस्करण २०७६)
- मूल्य अभिवृद्धि कर निर्देशिका, २०६९ (दोश्रो संशोधन २०७६)
- जग्गा तथा घर जग्गा निसर्गको पूँजीगत लाभकर सम्बन्धी निर्देशिका, २०७२ (पहिलो संशोधन २०७६)
- बैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका, २०७५
- कार्य सञ्चालन निर्देशिका, २०७५

## कार्यविधिहरू

- आर्थिक पुनरुद्धार कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०७२
- नवीकरणीय उर्जा अनुदान (पहिलो संशोधन) नीति,२०७३
- प्रदेश र स्थानीय तहको सञ्चित कोष सञ्चालन कार्यविधि,२०७४
- ग्रामीण स्वावलम्बन कर्जा कार्यविधि, २०७५
- सामुहिक जीवन बीमा सञ्चालन कार्यविधि, २०७५
- सहुलियतपुर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७६
- राष्ट्रसेवक कर्मचारीहरूको सावधिक जीवन बीमा सम्बन्धी कार्यविधि,२०७६
- रक्सौल अमलेखगञ्ज पेट्रोलियम पाईपलाईन मार्फत इन्धन ढुवानीका लागि भन्सार जाँचपास सम्बन्धी कार्यविधि,२०७६
- समपुरक अनुदान सम्बन्धी कार्यविधी, २०७६
- विशेष अनुदान सम्बन्धी कार्यविधी, २०७६
- नव प्रवर्तन शुरुवाती पुँजी अनुदान कार्यविधि, २०७७
- सहलगानी सम्बन्धी कार्यविधि,२०७७
- व्यावसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि,२०७७

## नीति, मापदण्ड र आदेश

- अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड,२०७३ (पहिलो संशोधन)
- घर जग्गा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७४

- अर्थ मन्त्रालय र अन्तर्गतका कर्मचारीहरूको आचारसंहिता,२०७५
- बजेट तर्जुमा दिग्दर्शन,२०७५
- अन्तराष्ट्रिय आर्थिक सहायता परिचालन नीति,२०७६
- प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन सम्बन्धी मापदण्ड,२०७६
- आयोजनाहरूको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड,२०७६
- प्रदेश तथा स्थानीय तह बजेट कार्यान्वयन मार्गदर्शन,२०७६
- कोभिड-१९ को प्रभाव न्यूनीकरण गर्न अवलम्बन गरिएका कार्यहरुका कारण प्रभावित भएका असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराउने राहत सम्बन्धी मापदण्ड,२०७६
- नेपाल सरकार र प्रदेश सरकार बीच समन्वय र सम्पर्क गर्ने सम्बन्धी मार्गदर्शन,२०७६
- एकीकृत सामाजिक सुरक्षा नीति,२०७६
- आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड,२०७७
- ढुङ्गा, गिट्टी, बालुवाको पहिचान, विकास र उत्खनन् सम्बन्धी नीति,२०७७
- सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८

## ४. अर्थ मन्त्रालयले गर्ने कार्य र सेवाः

(क) माथि उल्लिखित कार्य क्षेत्र अन्तर्गतका नीतिगत कार्यहरु र

(ख) मन्त्रालयको दैनिक प्रशासन सञ्चालन सम्बन्धी कार्यहरु।

## ५. सचिवालय, महाशाखा, जिम्मेवार अधिकारी र टेलिफोन नम्वरः

| सि.नं | | जिम्मेवार अधिकारी | फोन नं. |
|---|---|---|---|
| १. | माननीय अर्थमन्त्री | श्री जनार्दन शर्मा "प्रभाकर" | ४२११३९० |
| २. | सचिव | श्री मधुकुमार मरासिनी | ४२११३३२ |
| ३. | सचिव (राजस्व) | श्री कृष्णहरि पुस्कर | ४२११८०४ |
| ४. | राजस्व व्यवस्थापन महाशाखा | सहसचिव श्री रामेश्वर दङ्गाल | ४२११३१५ |
| ५. | प्रशासन महाशाखा | सहसचिव श्री केदारनाथ शर्मा | ४२११३०० |
| ६. | बजेट तथा कार्यक्रम महाशाखा | सहसचिव श्री भुपाल वराल | ४२११८०१ |
| ७. | वित्तीय क्षेत्र व्य. तथा संस्थान समन्वय महाशाखा | सहसचिव श्री रमेश के.सी. | ४२११३७७ |
| ८. | कानून तथा फैसला कार्यान्वयन महाशाखा | सहसचिव श्री अर्जुन कुमार खड्का | ४२११८१३ |
| ९. | आर्थिक नीति विश्लेषण महाशाखा | सहसचिव श्री महेश आचार्य | ४२११३२६ |
| १० | योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | सहसचिव श्री रितेश कुमार शाक्य | ४२००५३७ |
| ११ | अन्तराष्ट्रिय आर्थिक सहयोग समन्वय महाशाखा | सहसचिव श्री इश्वरीप्रसाद अर्याल | ४२११३७१ |
| १२ | वित्तीय संघीयता समन्वय महाशखा | सहसचिव श्री बाबुराम सुवेदी | ४२११३१६ |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

### (क) सूचना दिँदा लिनुपर्ने शुल्क/दस्तुर

- सूचना मागको निवेदन दिँदा कुनै शुल्क वा दस्तुर लाग्दैन।
- सामान्य आकारको (आठ दशमलव तीन इञ्च चौडाई र एघार दशमलब सात इञ्च लम्बाई सम्म साइज भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठ सम्मको सूचना निःशुल्क उपलव्ध गराइनेछ।
- दश पृष्ठ भन्दा धेरै सूचना दिँदा निम्न अनुसार शुल्क लिइनेछ।
- सामान्य आकारको (आठ दशमलब तीन इञ्च चौडाई र एघार दशमलब सात इञ्च लम्बाइसम्म आकार भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठभन्दा बढि सूचनाको लागि प्रति पृष्ठ पाँच रूपैंयाँ लाग्नेछ।
- माथि उल्लेख भए भन्दा ठूलो आकारको कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रति पृष्ठ दश रूपैयाँ दस्तुर लाग्नेछ। शुरुका दश पेज निःशुल्क दिनुपर्ने बाध्यता यसमा रहने छैन।
- डिस्केट, सीडी र अन्य यस्तै प्रकारका डिजिटल माध्यम र प्रविधिद्वारा प्रदान गरिने सूचनाको लागि प्रति डिस्केट, सीडी वापत पचास रूपैयाँ दस्तुर लाग्नेछ।
- कुनै सूचना तयार गर्दा माथि लेखिए भन्दा बढी खर्च लाग्ने भएमा वास्तविक लागतको आधारमा दस्तुर लिइनेछ।
- सार्वजनिक निकायमा रहेका कुनै लिखत, सामग्री वा सो निकायको काम कार्यबाही अध्ययन वा अवलोकन वा सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण वा अवलोकन आधा घण्टाभन्दा बढी समय गर्ने भएमा प्रतिघण्टा प्रतिव्यक्ति पचास रुपैयाँ दस्तुर लाग्नेछ। तर सार्वजनिक पुस्तकालय र सार्वजनिक रुपमा निःशुल्क उपलब्ध गराइएको स्थानको अवलोकन वापत दस्तुर लाग्ने छैन।
- प्रचलित कानूनमा सूचना माग गर्दा लाग्ने दस्तुरको सम्बन्धमा छुट्टै व्यवस्था भएकोमा भने सोही बमोजिम दस्तुर लाग्नेछ।
- मुल्य राखी बिक्री वितरण गर्ने मुद्रित वा कुनै पनि माध्यमको सूचना सामग्रीको दस्तुर त्यसमा अंकित वा निर्धारित मुल्य बमोजिम नै हुनेछ।
- अर्थ मन्त्रालयको उद्देश्य र कार्यक्षेत्र भित्रका कामकारवाहीको प्रवर्द्धनका लागि वितरण गरिने सूचना-सामग्रीमा शुल्क लाग्ने छैन।

### (ख) सूचना उपलब्ध गराए बापत शुल्क लिने तरिका

- सार्वजनिक निकायले सूचना दिंदा लिने दस्तुर बापतको रकम नगदै लिने वा कुनै खास बैंकमा जम्मा गरी सो को भौचर पेश गर्न लगाउन वा सो रकम बराबरको टिकट निवेदनमा टाँस गर्न लगाउन सक्नेछ।

### (ग) सेवा प्राप्त गर्न लाग्ने अवधि

- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधि भित्र निवेदन प्राप्त भएपछि सूचना अधिकारीले तत्काल उपलब्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलव्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई उपलव्ध गराईनेछ। कुनै व्यक्तिको जीउ ज्यानको सुरक्षासँग सम्बन्धित सूचना माग गरेको पाइएमा २४ घण्टाभित्र उपलव्ध गराइने छ।
- अन्य विशेष ऐन नियममा अवधि तोकिएकोमा सोही बमोजिम हुनेछ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

**(क) निर्णय प्रक्रिया सम्बन्धमाः**

- **मन्त्रालयले उपलव्ध गराउने सेवा सम्बन्धमाः**
  - ➢ सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ बमोजिम।
- **सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमाः**
  - ➢ सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम।

**(ख) निर्णय गर्ने अधिकारी सम्बन्धमाः**

- अर्थ मन्त्रीस्तरबाट
- सचिवस्तरबाट

## ८. सम्पादन गरेका मुख्य मुख्य कामको विवरणः

### ८.१ आर्थिक वर्ष २०७८/२०७९ को बजेट

- नेपाल सरकारको कूल बजेट रू. १६ खर्ब ३२ अर्ब ८३ करोड मध्ये रू. ६ खर्ब ७७ अर्ब ९९ करोड अर्थात ४१.५२ प्रतिशत, पुँजीगत तर्फ रू. ३ खर्ब ७८ अर्ब १० करोड अर्थात २३.१६ प्रतिशत, वित्तीय व्यवस्था तर्फ रू. १ खर्ब ८९ अर्ब ४४ करोड अर्थात ११.६० प्रतिशत र प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरण तर्फ रू. ३ खर्ब ८७ अर्ब ३० करोड अर्थात २३.७२ प्रतिशत रहेको छ। वित्तीय हस्तान्तरण तर्फ विनियोजित बजेट मध्ये चालु खर्चमा समानीकरण अनुदान सहित रू. ३ खर्ब २५ अर्ब ७५ करोड अर्थात ८४.११ प्रतिशत र पुँजीगत तर्फ रू. ६१ अर्ब ५५ करोड अर्थात १५.८९ प्रतिशत रहकोछ ।

### ८.२ सार्वजनिक खर्च व्यवस्थापन

चालू आर्थिक वर्षको २०७८ **कार्तिक देखि पौष मसान्तसम्म**को बजेट खर्चको प्रारम्भिक विवरण निम्नानुसार रहेको छ।

**क) यस अवधिमा कुल खर्च रु.५०६ अर्व  ६९ करोड ३० लाख, गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २१.८६ प्रतिशतले बृद्धि,**

- चालु खर्च रु.४ खर्ब ०६ अर्व ४१ करोड ०२ लाख गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १८.६७ प्रतिशतले बृद्धि,
- पूँजीगत खर्च रु.५० अर्व ८० करोड ८० लाख गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ०.०१७ प्रतिशतले घटी,
- वित्तीय व्यवस्था रु.४९ अर्व ४७ करोड ४८ लाख गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ११९.१८ प्रतिशतले बृद्धि,

**ख) अन्यः**

- अर्धवार्षिक समिक्षाको प्रक्रिया शुरु गरिएको,
- बजेट कार्यान्वयनको लागि सहजिकरण गरिएको,
- कोभिडबाट प्रभावित अति विपन्न परिवारको लागि प्रति परिवार  रु १०,०००/ का दरले ५ लाख परिवारलाई रु ५ अर्ब ७५३ स्थानीय तहमा हस्तान्तरण गरिएको,
- आगामी आर्थिक वर्षको बजेट तयारीको लागि स्रोत आंकलन गर्नका लागि राष्ट्रिय योजना आयोगको अनुरोध बमोजिम आवश्यक समन्वय र सूचना प्रदान गरिएको, राष्ट्रिय योजना आयोगमा स्रोत अनुमान प्राविधिक समितिको बैठक वसी स्रोत अनुमान समितिमा पेश गर्ने प्रतिवेदनको तयारी अघि बढाइएको,
- विभिन्न ऐन, नियम, कार्यविधिमा सहमति प्रदान,
- पूँजिगत खर्च वृद्धिको लागि विभिन्न मन्त्रालय/निकायका सचिवज्यूहरु सँग छलफल गरी आवश्यक सहजिकरण गरिएको,

## ८.३. समष्टिगत आर्थिक परिसूचकः (आ.व.२०७८/२०७९)

| क्र.स. | आर्थिक परिसूचक | उपलब्धि/अवस्था | कैफियत |
|---|---|---|---|
| १ | आर्थिक वृद्धि | वार्षिक लक्ष्य ७ प्रतिशत रहेको । | |
| २ | उपभोक्ता मुद्रास्फीति (पहिलो ५ महिनाको) | ७.११ %(वार्षिक विन्दुगत) | |
| ३ | शोधनान्तर स्थिति (पहिलो ५ महिनाको) | १९५ अर्ब ०१ करोड घाटामा | |
| ४. | वित्तीय पहुँच (पहिलो ५ महिनासम्मको) | ७५० स्थानीय तहमा बैंकको शाखा बिस्तार | |
| ५. | वैदेशिक ब्यापार (पहिलो ६ महिनाको) | | |
| | आयात | रु. ९ खर्ब ९९ अर्ब ३४ करोड | |
| | निर्यात | रु. १खर्ब १८ अर्ब ८५ करोड | |

| | | | |
|---|---|---|---|
| ६. | विदेशी विनिमय सञ्चिती (पहिलो ५ महिनाको) | रु. १२ खर्ब १४ अर्ब ०३ करोड | |
| ७. | विप्रेषण आप्रवाह (पहिलो ५ महिनाको) | रु. ३ खर्ब ८८ अर्ब ५८ करोड | |
| ८. | राजस्व परिचालन (आ.व.२०७८/२०७९ को पौष मसान्त सम्ममा) | रु. ५ खर्ब ७६ अर्ब २४ करोड | |
| ९. | नेप्से परिसूचक (२०७८ पौष मसान्तमा) | २८५७.७५ विन्दु | |

*श्रोतः नेपाल राष्ट्र बैंक/भन्सार विभाग समेत*

## ८.४ राजस्व परिचालनको अवस्थाः

**१) राजस्व संकलनः**

- आर्थिक वर्ष २०७८/७९ को कार्तिक, मंसिर र पुस महिनामा कर राजस्व रु २६४ अर्ब ९१ करोड, गैरकर राजस्व तर्फ रु २२ अर्ब १० करोड र अन्य प्राप्ति रु ११ अर्ब ३७ करोड गरी जम्मा रु २९८ अर्ब ३९ करोड राजस्व संकलन भएकोछ ।

**२) करको दायरा विस्तारः**

| **करदाताको प्रकार** | **करदाता दर्ता (२०७८ असोज मसान्तसम्मको)** | **करदाता दर्ता (२०७८ कार्तिक देखि पौषसम्म** | **जम्मा दर्ता** |
|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्वर प्राप्त गर्ने (BPAN) | १६६८४८९ | ३३३९० | १७०१८७९ |
| व्यक्तिगत स्थायी लेखा नम्वर प्राप्त गर्ने (PPAN) | २६१४५८२ | ८९२८४ | २७०३८६६ |
| अग्रीम कर कट्टी प्रयोजनका लागि स्थायी लेखा नम्बर प्राप्त गर्ने (WPAN) | ११५७५ | १३८५ | १२९६० |
| **स्थायी लेखा नम्बर प्राप्त गर्ने जम्मा करदाता संख्या** | ४०६६१३१ | ३५२५७४ | ४४१८७०५ |
| मूल्य अभिवृद्धि करमा दर्ता गर्ने | ३०१७९६ | ४३५२ | ३०६१४८ |
| अन्तःशुल्कमा दर्ता | १११८५३ | ११२५२८ | २२४३८१ |

## ३) अन्य कार्यहरु :

- विद्युतीय (e-Payment) राजस्व भुक्तानी प्रणालीको सुख्खा बन्दरगाह भन्सार कार्यालयमा परीक्षण प्रारम्भ गरिएको ।

## ८.५ अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन

आ.ब. २०७८/०७९ कार्तिक-पौष (३ महिना अवधि) मा विभिन्न आयोजना/कार्यक्रम सञ्चालनार्थ **अनुदान सहायता रु. १ अर्व ४ करोड ६ लाख** र **ऋण सहायता रु. ५३ अर्व ८७ करोड ३.६ लाख** गरी जम्मा **रु. ५४ अर्व ९१ करोड ९.६४ लाख बरावर**को अन्तर्राष्ट्रिय आर्थिक सहायता प्राप्त हुने गरी विकास साझेदारहरुसंग सम्झौता भएको छ। आयोजनागत सहायताको विवरण देहाय बमोजिम छन्:

- मिति २०७८/०८/१० **(तदानुसार 29-Nov-2021)** मा नेपाल सरकार र **ADB** बीच **Energy sector** मा **Electricity Grid Modernization Project Additional Financing** आयोजना/कार्यक्रमका लागि **USD 60 million** (रु. ७ अर्ब १७ करोड) ऋण सहायता प्राप्त गर्ने सम्बन्धमा बीत्तीय सम्झौता सम्पन्न भएको ।
- मिति २०७८/०८/२९ **(तदानुसार 15-Dec-2021)** मा नेपाल सरकार र कोरिया सरकारबीच शिक्षा क्षेत्रमा **Establishment of Polytechnic Institute for Construction Workforce Development in Province-2, Nepal** आयोजना/कार्यक्रमका लागि **USD 8.6 million** (रु. १ अर्ब ४ करोड ६ लाख) अनुदान सहायता प्राप्त गर्ने सम्बन्धमा बीत्तीय सम्झौता सम्पन्न भएको ।
- मिति २०७८/०९/२९ **(तदानुसार १३-Jan-2021)** मा नेपाल सरकार र अन्तर्राष्ट्रिय मुद्रा कोष **(IMF)** बीच बजेटरी सहायातार्थ: **Extended Credit Facility (ECF)** अन्तर्गत **USD ३९५.३६ million** (रु. ४६ अर्ब ७९ करोड ३.६ लाख) ऋण सहायता प्राप्त गर्ने सम्बन्धमा वित्तीय सम्झौता सम्पन्न भएको ।

## ८.६ आन्तरिक ऋण परिचालन

- आर्थिक वर्ष २०७८/२०७९ मा रु. २ खर्व ३९ अर्ब आन्तरिक ऋण उठाउने लक्ष्य रहेकोमा २०७८ पौष मसान्तसम्ममा रु.६ अर्ब आन्तरिक ऋण उठाइएको छ ।

## ८.७ अन्तर सरकारी वित्त व्यवस्थापन (वित्तीय संघीयता)

१. कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण कार्यविधि, २०७८ मन्त्रिपरिषदबाट स्वीकृत भई सो सम्बन्धी सूचना मिति २०७८/०७/२५ मा गोरखापत्र राष्ट्रिय दैनिक र अर्थ मन्त्रालयको Website; www.mof.gov.np मा प्रकाशित गरिएको तथा रेडियो नेपाल, सि आई एन नेटवर्क लगायतमा सूचना जारी भई सबै प्रदेश र सम्वन्धित मन्त्रालय/कार्यालय मार्फत स्थानीय तहमा सूचना सम्बन्धमा पत्राचार गरिएको। सो सूचना अनुसार लाभग्राहिले निवेदन दिने

म्याद २०७८ मंसिर ९ गते सम्म रहेको र हाल स्थानीय तहहरुमा कार्यान्वयनको अवस्था बारे जानकारी लिने काम भइरहेको।

२. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ को उपदफा (२) को अनुसूची-४ मा भएको व्यवस्था अनुसार आर्थिक वर्ष २०७७/७८ मा प्राकृतिक स्रोत (विद्युत, खानी, पर्वतारोहण र वनक्षेत्र) को रोयल्टी वापत संकलन भई संघीय विभाज्य कोषमा जम्मा भएको रकम नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच बाँडफाँट गर्ने आधार, विधि र हिस्सा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट मिति २०७८/०१/१६ र २०७८/०९/१४ को पत्रबाट प्राप्त सिफारिसको आधारमा बाँडफाँटको लागि नेपाल सरकार, मन्त्रिपरिषदमा प्रस्ताव पेश भई मिति २०७८/०९/३० मा स्वीकृत भएको।

## ८.८ वित्तीय क्षेत्र तथा सार्वजनिक संस्थान व्यवस्थापन :

१. मिति २०७८।०७।१५ गते माननीय अर्थमन्त्रीज्यूको बैठक कक्षमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव सहितको उपस्थितिमा रुग्ण, समस्याग्रस्त तथा बन्द भएका सार्वजनिक उद्योगहरुको पुनःस्थापना तथा सञ्चालन गर्ने छलफल कार्यक्रम सम्पन्न भयो । सोही छलफलमा यस प्रकारका उद्योगहरु के-कस्तो मोडालिटमा सञ्चालन गर्न सकिन्छ? भन्ने विषयमा अध्ययन गरी कार्ययोजना पेश गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव श्री चन्द्रकला पौडेलको संयोजकत्वमा अध्ययन कार्यदल गठन भई प्राप्त सुझावहरुलाई समेटी बन्द उद्योग पुनःसञ्चालन गर्ने अवधारणा स्वीकृतिका लागि मिति २०७८/०९/३० मा नेपाल सरकार मन्त्रिपरिषदमा प्रस्ताव पेश गरिएको ।

२. विभिन्न मन्त्रालयहरुबाट लाभांश वितरण, बोनस वितरण, कर्मचारी नियमावली/विनियमावली सम्बन्धमा माग भएको राय परामर्श प्रदान गरिएको ।

३. विभिन्न सार्वजनिक संस्थानहरुमा अर्थ मन्त्रालयको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक सदस्यहरु (सचिव, सहसचिव, उपसचिव) मनोनयन गर्ने कार्य गरिएको ।

४. सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०७९ (पँहेलो किताब) तयारीका लागि विषयगत मन्त्रालय मार्फत् सबै सार्वजनिक संस्थानबाट तथ्याङ्क प्रविष्टि गर्ने र लेखा प्रमुख वा लेखा उत्तरदायी कर्मचारी तोकी पठाउन पत्राचार गरिएको ।

५. Engineering, Procurement, Construction and Financing (EPCF) को कार्यविधि, २०७८ तयारीका लागि मिति २०७८।०८।२८ को बैठकको माइनुट्स अनुसार लगानी बोर्डमा पठाईएको ।

६. बेरुजु फछ्र्यौट कार्ययोजना तयार गरी लेखाशाखामा पठाईएको ।

७. महालेखा परीक्षकको अन्ठाउन्नौं वार्षिक प्रतिवेदन, २०७८ मा उल्लिखित यस महाशाखासँग सम्बन्धित बेरुजुको विषयमा प्रतिक्रिया तयार गरी पठाइएको ।

८. नेपाल धितोपत्र बोर्डको रिक्त अध्यक्ष पदको नियुक्तिका लागि सिफारिस गर्न मिति २०७८/०७/०७ को निर्णयानुसार राष्ट्रिय योजना आयोगको सम्बन्धित क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा समिति गठन भई कार्य आरम्भ गरिएको ।

९. नेपाल स्टक एक्सचेञ्ज लिमिटेडको प्रमुख कार्यकारी अधिकृत पदको नियुक्ति सम्बन्धी सूचना सार्वजनिक गरी नियमानुसार उम्मेद्वारहरुको मूल्यांकन गरी उपयुक्त उम्मेद्वारलाई नियुक्ति गर्न नेपाल सरकार मन्त्रिपरिषदमा प्रस्ताव पेश गरिएको ।

१०. नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको कर्मचारी (पहिलो संशोधन) विनियमावली, २०७८ मा सहमति प्रदान गरिएको ।

११. नेपाल पावर ट्रेडिङ्ग कम्पनीलाई विद्युत व्यापारको अनुमति दिने सम्बन्धी प्रस्ताव नेपाल सरकारमा पेश गर्न माननीय मन्त्रीस्तरको मिति २०७८/०७/१७ को निर्णयानुसार सहमति दिइएको ।

१२. राष्ट्रिय बीमा कम्पनी लिमिटेडको कर्मचारी सेवा शर्तसम्बन्धी (पहिलो संशोधन) विनियमहरु, २०७८ संशोधन गर्न मिति २०७८/०७/१७ को माननीय मन्त्रीस्तरीय निर्णयानुसार सहमति प्रदान गरिएको ।

१३. मिति २०७८/०७/२६ मा माननीय अर्थमन्त्रीज्यूको समुपस्थितिमा बैंकिङ्ग क्षेत्रको विद्यमान अवस्थाका सम्बन्धमा नेपाल राष्ट्र बैंक तथा विभिन्न वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतहरुसंग छलफल कार्यक्रम आयोजना गरिएको ।

१४. दोश्रो वित्तीय क्षेत्र विकास रणनीति (२०७८/०७९-२०८२/०८३) तर्जुमाका सिलसिलामा उक्त रणनीतिको अवधारणापत्र तयार गरिएको ।

१५. सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ बमोजिम बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएका विभिन्न १० (दश) प्रकारका कर्जामा ब्याज अनुदान प्रदान गर्न रु.३ (तीन ) अर्ब निकासा गरिएको । २०७८ मंसिर मसान्तसम्म यस अन्तर्गत १ लाख ३७ हजार ऋणीले रु.११ अर्ब १५ करोड ब्याज अनुदान प्राप्त गरेका र जम्मा ऋण लगानी रु.२४१ अर्ब भएको ।

१६. शीतघर तथा खाद्यान्न भण्डारण घर निर्माणमा प्रदान गरिएको ब्याज अनुदान शोधभर्ना रु.९,३६,९७,१८१/३२ (अक्षेरुपी नौ करोड छत्तीस लाख सन्तानब्बे हजार एक सय एकासी रुपैयाँ बत्तीस पैसा मात्र) निकासा गरिएको ।

१७. सहुलियतपूर्ण कर्जा कार्यविधि परिमार्जन मस्यौदा तयार भएको । स्वीकृतिका लागि नेपाल सरकार मन्त्री परिषदमा प्रस्ताव पेश हुने क्रममा रहेको ।

१८. कृषि विकास बैंकमार्फत् सञ्चालन हुने Value Chains for Inclusive Transformation of Agriculture Programme (VITA) Loan No -२०००००३५६३ को संचालन प्रकृया अगाडि बढाइएको ।

१९. नेपाल चार्टर्ड एकाउण्टेण्टस् (बाह्रौं संशोधन) नियमावली, २०७८ संशोधनको लागि नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०७८/०८/१५ को निर्णयानुसार सहमति प्रदान गरिएको ।

## ८.९ योजना, अनुगमन तथा मूल्याङ्कन

- आर्थिक वर्ष २०७८/२०७९ को बार्षिक बजेट कार्यान्वयन कार्ययोजना तयार भई एकिकृत अनुगमन प्रणालीमा समावेश गरि नियमित प्रगति अद्यावधिक गरिएको,
- सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५(३) प्रयोजनका लागि आर्थिक वर्ष २०७७/२०७८ को बैशाख, जेष्ठ र असार महिनामा सम्पादन गरिएका कार्यहरुको विवरण २०७८ श्रावण महिनामा वेव साइटमा सार्वजनिक गरिएको,
- बिगुल तथा हेलो सरकार मार्फत प्राप्त गुनासोहरु नियमित रुपमा फर्छयौट भैरहेको,
- सूचना मागकर्तालाई सूचनाको हक सम्बन्धी ऐन २०६४, बमोजिम नियमित रुपमा सूचना प्रदान भैरहेको ।,
- आर्थिक वर्ष २०७८/७९ को बार्षिक बजेट कार्यान्वयन कार्ययोजनाको माइलस्टोनहरुमध्ये २०७८ पौष महिनासम्ममा गर्नुपर्ने कार्यहरुमा ३७.८ प्रतिशत कार्य सम्पन्न भएको, ५०.३ प्रतिशत कार्य भैरहेको र ११.९ प्रतिशत कार्य बाँकी रहेको।
- चालु आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम, वजेट कार्यान्वयन कार्ययोजना र विकास कार्यक्रमको प्रथम चौमासिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) को वैठक मिति २०७७।०८।०८ मा सम्पन्न गरिएको ।

## ८.१० प्रशासनिक तथा सांगठनिक सुधार

- कार्यसञ्चालन मन्त्रालयले गर्ने नियमित कार्य अन्तर्गत राजपत्राङ्कित द्वितीय श्रेणी, तृतीय श्रेणी, राजपत्रअनङ्कित तथा श्रेणी विहिन कर्मचारीहरुको अन्तर कार्यालय तथा अन्तरविभाग सरुवा तथा पदस्थापन गरिएको।
- यस मन्त्रालय र अन्तर्गत विभागहरूमा रिक्त विभिन्न पदहरूको पदपूर्ति प्रक्रिया अगाडि बढाउन नियमानुसार माग आकृति फाराम भरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाइएको।
- नेपाल लेखापरीक्षण सेवा, रा.प.तृतीय श्रेणी लेखापरीक्षण अधिकारी रिक्त पदको माग आकृति फाराम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाइएको।
- सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रद्वारा सञ्चालन हुने सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी शाखा अधिकृतस्तरीय (रा.प. तृतीय श्रेणी) सेवाकालीन तालिम कार्यक्रममा सहभागी हुन यस मन्त्रालय र अन्तर्गतबाट ३४ जना कर्मचारीहरूलाई मनोनयन गरिएको।
- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानबाट रा.प.द्वितीय श्रेणी वा सो सरहका अधिकृतहरूको क्षमता विकासका लागि सञ्चालन हुने Advanced Course on Management and Development (ACMD) विषयक सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागी हुन २ जना कर्मचारीहरुलाई मनोनयन गरिएको।

- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानबाट  रा.प. तृतीय श्रेणी वा सो सरहका अधिकृतहरूको क्षमता विकासका लागि सञ्चालन हुने Professional Course on Management and Development (PCMD) विषयक सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागी हुन यस मन्त्रालय र अन्तर्गतबाट २ जना कर्मचारीहरूलाई मनोनयन गरिएको।साथै TOT तालिममा ७ जना कर्मचारीहरुलाई मनोनयन गरिएको।
- स्वदेश तथा विदेशमा भर्चुअल माध्यमबाट सञ्चालन भएका विभिन्न तालिम/गोष्ठी/सेमिनारहरुमा यस मन्त्रालय र अन्तर्गत निकायबाट सहभागिताका लागि कर्मचारीहरु मनोनय गरिएको।
- माननीय मन्त्रीज्यू तथा श्रीमान् अर्थ सचिवज्यूको कार्यकक्षको मर्मत कार्य सम्पन्न गरिएको।
- जिन्सी सामानको निरीक्षण कार्य सम्पन्न गरिएको।साथै, जिन्सी व्यवस्थापन र संरक्षण सम्बन्धी तोकिएका कार्यहरु सम्पन्न गरिएको।
- आर्थिक बर्ष २०७८/७९ को खरिद योजना स्वीकृत गरी यसै आ.ब.को लागि आवश्यक स्टेशनरी सामान खरिदको लागि खरिद सम्झौता सम्पन्न गरिएको।
- नोबल कोरोना भाइरस (COVID-19) को संक्रमणको समयमा स्वास्थ्य मापदण्ड पालना गर्दै कार्यालय सञ्चालनको व्यवस्था मिलाइएको।
- यस मन्त्रालयमा हुने विविध Virtual Meeting का लागि आवश्यक उपकरणहरूको व्यवस्थापन गरी प्राविधिक सहयोग गरिएको।
- Internet, Intranet, Networking, IT related Software, Hardware and Support services, Inventory, e-attendance, Video conference, Website, Twitter, Email, HRMIS व्यवस्थापन तथा सूचना तथा तथ्याङ्क अद्यावधिक गरिएको।
- LMBIS/BMIS/TSA/PLMBIS/PTSA विच Interconnection गर्न प्राविधिक सहयोग गरिएको।
- अर्थ मन्त्रालय र अन्तर्गतका निकायहरुको एकीकृत कर्मचारी विवरण तयार गरी अद्यावधिक गर्न निर्माण गरिएको HRMIS सफ्टवेयर सम्बन्धी अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग र भन्सार विभागका कर्मचारी प्रशासन महाशाखा/शाखाका कर्मचारीहरुका दुईपटक तालिम सञ्चालन गरिएको।
- LMBIS, BMIS, PLMBIS लाई स्तरोन्नति गर्न प्राविधिक सहयोग गरिएको।
- विभिन्न भन्सार कार्यालयबाट जफत भएका सहित चार पाङ्ग्रे ८ वटा र दुई पाङ्ग्रे १२ वटा सवारी साधन नेपाल सरकारका विभिन्न सरकारी निकायलाई हस्तान्तरण सम्बन्धी निर्णय भई कार्यान्वयनका लागि लेखी पठाइएको।
- चालु आर्थिक वर्षको प्रारम्भमा यस मन्त्रालयको बेरुजु रकम रू. ४८ अर्ब ४ करोड १५ लाख ५१ हजार रहेको र उक्त बेरुजु रकममध्ये २०७८ पौष मसान्तसम्म रू. १ अर्ब ७७ करोड ६८ लाख ८१ हजार सम्परीक्षण भई ३.६९% प्रतिशत बेरुजू फछ्र्यौट भएको।

- आ.ब. २०७८/७९ मा हालसम्मको चालु तर्फ कुल बजेट रु.३१ करोड ९ लाख ४५ हजार मध्ये रु. १४ करोड ६ लाख ३४ हजार खर्च भई ४५.२३ प्रतिशत र पुँजीगत तर्फ कुल बजेट १३ करोड १३ लाख २ हजार मध्ये रु. ४४ लाख ६७ हजार खर्च भई ३.४ प्रतिशत प्रगति हासिल भएको।
- आ.व. २०७७/७८ को NPSAS अनुरुपको वित्तीय विवरण तयार गरिएको।
- आ.व. २०७७/७८ को आन्तरिक लेखा परीक्षण र अन्तिम लेखा परिक्षण भई प्रतिवेदन प्राप्त भएको।

## ८.११ आर्थिक नीति विश्लेषण

१. हेजिङ्ग सम्बन्धी नियमावली, २०७५ लाई संशोधन गर्न मस्यौदा प्रतिवेदन तयार भएको।
२. सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम अध्ययन कार्यदल गठन भई कार्य प्रारम्भ गरेको।
३. २०७८ कार्तिक महिनाको अर्थ बुलेटिन तयार भई प्रकाशन भएको।
४. सार्वजनिक ऋण लगायत अर्थतन्त्रको नियमित गतिविधि सम्वन्धमा अध्ययन विश्लेषण गर्ने र नियमित रुपमा मा.मन्त्रीज्यू र सचिवज्यू समक्ष Briefing गर्ने प्रयोजनको लागि कार्यदल गठन भई कार्य प्रारम्भ गरेको।
५. समष्टिगत आर्थिक परिसूचकहरु अद्यावधिक गरी प्रकाशन भएको।
६. आर्थिक सर्वेक्षण तर्जुमा दिग्दर्शन प्रकाशन भएको ।
७. सार्वजनिक ऋण सम्बन्धमा कार्यदल गठन भई कार्य प्रारम्भ भएको ।
८. जलवायु कोषको (Carbon Fund) रकम परिचालन गर्ने सम्बन्धमा प्रतिवेदन लेखन कार्य भईरहेको ।
९. बजारमा देखिएको तरलता अभावका विषयमा प्रतिवेदन तयार ।
१०. समष्टिगत आर्थिक परिसूचकहरु सम्बन्धी अर्थ मन्त्रालय र मातहतका निकायका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिबृद्धि सम्बन्धी आवासिय कार्यशाला गोष्ठी सम्पन्न ।
११. आर्थिक सर्वेक्षण तयारी सम्बन्धमा विज्ञहरु संगको राय/प्रतिक्रिया सम्बन्धी अन्तर्क्रिया सम्पन्न ।
१२. समसामयिक आर्थिक विषयहरु स्वच्छ तथा वैकल्पिक उर्जा र सम्पत्ति शुद्धिकरण निवारण प्रणाली र जोखिम मूल्याङ्कन प्रतिवेदमा Talk Program तथा Policy Dialogue कार्यक्रम आयोजना गरिएको ।
१३. म्याक्रो इकोनोमिक ड्यासबोर्डको Data base अद्यावधिक भईरहेको ।
१४. Economic Lab स्थापनाको कार्य अगाडि बढेको ।

## ९. गुनासो व्यवस्थापन

अर्थ मन्त्रालय र मातहतका निकायहरुका सम्बबन्धमा सरोकारवालाहरुबाट प्राप्त गुनासोको व्यवस्थापन, योजना, अनुगमन तथा मूल्यांकन महाशाखाले गर्दै आएको छ। यस अवधिमा यस मन्त्रालयमा प्राप्त गुनासोहरुलाई ँसम्बन्धित महाशाखा तथा विभागहरुमा फरछ्यौटका लागि पठाइएको र सो सम्बन्धमा भए गरेको कारबाहीको जानकारी यस मन्त्रालयमा उपलब्ध गराउने संयन्त्रको विकास गरिएको छ। यस अवधिमा अर्थ मन्त्रालय र मातहतका निकायहरुको कार्यसँग सम्बन्धित गुनासोहरु सुनुवाईको अवस्था यसप्रकार रहेको छ।

| गुनासोको माध्यम | प्राप्त संख्या | फच्छ्यौटको लागि पत्राचार भएको संख्या | फच्छ्यौटको लागि पत्राचार भएको प्रतिशत |
|---|---|---|---|
| हेलो सरकारबाट प्राप्त गुनासो | १६ | १५ | ९३.७५ |

## १०. सूचना अधिकारी र प्रमुखको नाम तथा सम्पर्क टेलिफोन नम्वर

| | | |
|---|---|---|
| प्रमुख | सचिव | ४२११६१ |
| प्रवक्ता | सहसचिव रितेश शाक्य | ४२००५३७ |
| सूचना अधिकारी | उपसचिव कमल कुमार भट्टराई | ४२११३५२ |

## ११. सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ र ७ (१) बमोजिम माग गरेको सूचना र उपलब्ध गराइएको सूचना संख्या :

माग गरिएको सूचना संख्या : ६

उपलब्ध गराइएको सूचना संख्या : ६

## १२. अन्य विवरणः

### (क) मन्त्रालय र अन्तर्गत विभागहरुको वेवसाइटहरुः

| नाम | उपयोग |
|---|---|
| www.mof.gov.np | अर्थ मन्त्रालयका प्रकाशन तथा अन्य सूचनामुलक जानकारी |
| www.fcgo.gov.np | महालेखा नियन्त्रक कार्यालयका प्रकाशन तथा अन्य सूचनामूलक जानकारी |
| www.ird.gov.np | आन्तरिक राजस्व विभागका प्रकाशन तथा अन्य सूचनामुलक जानकारी |
| www.customs.gov.np | भन्सार विभागका प्रकाशन तथा अन्य सूचनामूलक जानकारी |
| www.pfmtc.gov.np | सार्वजनिक वित्त व्यवस्थापन तालीम केन्द्रका प्रकाशन तथा अन्य सूचनामूलक जानकारी |
| www.pdmo.gov.np | सार्वजनिक ऋण व्यवस्थापन सम्बन्धी प्रकाशन तथा अन्य सूचनामूलक जानकारी |

### (ख) अर्थ मन्त्रालयका प्रकाशनहरु :-

अर्थ मन्त्रालयँबाट सम्पादित कामको प्रगति विवरण तथा प्रतिवेदनहरु र बजेट तथा कार्यक्रम सम्बन्धी दस्तावेजहरु मन्त्रालयको वेभसाइटमा राखुका साथै छपाई गरेर प्रकाशन गरी सर्वसाधारणको सहज पहुँच स्थापित गरिएको छ। मन्त्रालयका तर्फबाट प्रकाशन गरिएका प्रकाशनहरू देहाय बमोजिम रहेका छन।

- बजेट कार्यान्वयन कार्ययोजना
- बजेट तर्जुमा दिग्दर्शन
- कार्य सञ्चालन निर्देशिका
- मन्त्रालयहरूको प्रगति विवरण
- प्राविधिक सहायता सम्बन्धी विवरण
- विनियोजन ऐन र आ.व. २०७८/७९ को आय व्यय अनुमानको विवरण
- आर्थिक ऐन र राजस्वको नीति तथा कार्यक्रम
- राष्ट्र ऋण उठाउने ऐन
- ऋण तथा जमानत ऐन
- आर्थिक सर्वेक्षण
- बजेट वक्तव्य
- सार्वजनिक संस्थानहरूको स्थिति प्रतिवेदन
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ बमोजिमको वार्षिक प्रतिवेदन ।
- IECCD Newsletter प्रकाशन
- लैङ्गिक उत्तरदायी बजेट तर्जुमा दिग्दर्शन, २०६९
- आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड,२०७७
- सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७,
- व्यावसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि,२०७७
- Development Cooperation Report (DCR), 2020.
- सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८
- आ.ब. २०७७/७८ को वार्षिक प्रगति प्रतिवेदन तथा चालु आर्थिक वर्ष २०७८/७९ को बजेट कार्यान्वयन कार्ययोजना

### (ग) मन्त्रालय अन्तर्गतका विभागीय प्रमुखहरुः

| पद | नाम, थर | कार्यालय | फ्याक्स नं. | टेलिफोन नं.. |
|---|---|---|---|---|
| महालेखा नियन्त्रक | श्री सुमनराज अर्याल | महालेखा नियन्त्रक कार्यालय | ४७७१२९० | ४७७१२९० |
| महानिर्देशक | श्री नारायण प्रसाद सापकोटा | भन्सार विभाग | ४११७२१८ | ४११७२२३ |
| महानिर्देशक | श्री शोभाकान्त पौडेल | आन्तरिक राजस्व विभाग | ४४११७७८ | ४४१०३४० |
| तालिम प्रमुख | श्री कमल प्रसाद भट्टराई | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र | ५५२४९८९ | ५५२३१७१ |
| कार्यालय | श्री मुक्ति प्रसाद पाण्डे | सार्वजनिक ऋण व्यवस्थापन | ४२३९३०३ | ४२३९२७३ |

| | | | | |
|---|---|---|---|---|
| प्रमुख | | कार्यालय | | |

## (घ) आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयहरुको टेलिफोन र फ्याक्स नम्बरहरुः

| सि.नं. | कार्यालयको नाम | कोड नं. | टेलिफोन नं. | फ्याक्स नं. |
|---|---|---|---|---|
| १ | आन्तरिक राजस्व विभाग | ०१ | ४४१५८०२ | ४४१७८८ |
| २ | ठूला करदाता कार्यालय | ०१ | ५०१००५० | ५०१००५१ |
| ३ | मध्यमस्तरिय करदाता कार्यालय, बबरमहल | ०१ | ४२२१९६६ | ४२२२६०८ |
| ४ | आन्तरिक राजस्व कार्यालय, भद्रपुर | ०२३ | ४५५०१२ | ४५५०१९ |
| ५ | आन्तरिक राजस्व कार्यालय, दमक | ०२३ | ५८५७५२ | ५८५७५२ |
| ६ | आन्तरिक राजस्व कार्यालय, धरान | ०२५ | ५२०९८२ | ५२८२८३ |
| ७ | आन्तरिक राजस्व कार्यालय, विराटनगर | ०२१ | ५३०१६६ | ५२२७१७ |
| ८ | आन्तरिक राजस्व कार्यालय, लाहान | ०३३ | ५६०१८८ | ५६०४४९ |
| ९ | आन्तरिक राजस्व कार्यालय, जनकपुर | ०४१ | ५२०१३६ | ५२०२९७ |
| १० | आन्तरिक राजस्व कार्यालय, सिमरा | ०५३ | ५२०९३० | ५२०७१३ |
| ११ | आन्तरिक राजस्व कार्यालय, वीरगंज | ०५१ | ५२२०६६ | ५२२११२ |
| १२ | आन्तरिक राजस्व कार्यालय, हेटौंडा | ०५७ | ५२३१०१ | ५२०३०८ |
| १३ | आन्तरिक राजस्व कार्यालय, भरतपुर | ०५६ | ५२०१०६ | ५२६७७८ |
| १४ | आन्तरिक राजस्व कार्यालय, दमौली | ०६५ | ५६०१३५ | ५६०१३५ |
| १५ | आन्तरिक राजस्व कार्यालय, पोखरा | ०६१ | ४६४३६३ | ४६४४४९ |
| १६ | आन्तरिक राजस्व कार्यालय, बागलुङ्ग | ०६८ | ५२००२९ | ५२०१२९ |
| १७ | आन्तरिक राजस्व कार्यालय, भैरहवा | ०७१ | ५२०८५७ | ५२१७६३ |
| १८ | आन्तरिक राजस्व कार्यालय, वुटवल | ०७१ | ५५०५२४ | ५५०५२३ |
| १९ | आन्तरिक राजस्व कार्यालय, कृष्णनगर | ०७६ | ५२०६३२ | ५२००३२ |
| २० | आन्तरिक राजस्व कार्यालय, दाङ्ग | ०८२ | ५२२१०९ | ५२०००९ |
| २१ | आन्तरिक राजस्व कार्यालय, नेपालगञ्ज | ०८१ | ५२००२६ | ५२६२०९ |
| २२ | आन्तरिक राजस्व कार्यालय, सुर्खेत | ०८३ | ५२५१७२ | ५२५१७२ |
| २३ | आन्तरिक राजस्व कार्यालय, धनगढी | ०९१ | ५२१२०६ | ५२१२०६ |
| २४ | आन्तरिक राजस्व कार्यालय, महेन्द्रनगर | ०९९ | ५२१११८ | ५२११०६ |
| २५ | आन्तरिक राजस्व कार्यालय, ललितपुर | ०१ | ५०१००९ | ५०१००१० |
| २६ | आन्तरिक राजस्व कार्यालय, भक्तपुर | ०१ | ६६१२२२६ | ६६१४७९५ |
| २७ | आन्तरिक राजस्व कार्यालय, धुलिखेल | ०११ | ४९०७९६ | ४९०७८६ |
| २८ | आन्तरिक राजस्व कार्यालय, चावहिल | ०१ | ४४८४३४० | ४४८४३४० |
| २९ | आन्तरिक राजस्व कार्यालय, कोटेश्वर | ०१ | ४४८९२४७ | ४४८९२४७ |
| ३० | आन्तरिक राजस्व कार्यालय, पुतलीसडक | ०१ | ४२४३१७६ | ४२४२१७६ |
| ३१ | आन्तरिक राजस्व कार्यालय, वत्तिसपुतली | ०१ | ४४८५५९० | ४११३६९० |
| ३२ | आन्तरिक राजस्व कार्यालय, बानेश्वर | ०१ | ४४८४६७१ | ४४८५५४३ |
| ३३ | आन्तरिक राजस्व कार्यालय, त्रिपुरेश्वर | ०१ | ४२३०५६३ | ४२३०५६३ |

| | | | | |
|---|---|---|---|---|
| ३४ | आन्तरिक राजस्व कार्यालय, नयाँसडक | ०१ | ४२६६५७२ | ४२६६६५३ |
| ३५ | आन्तरिक राजस्व कार्यालय, ठमेल | ०१ | ४२१८९५३ | ४२१८९५३ |
| ३६ | आन्तरिक राजस्व कार्यालय, महाराजगंज | ०१ | ४४१९२६४ | ४४१९२६४ |
| ३७ | आन्तरिक राजस्व कार्यालय, बालाजु | ०१ | ४३८९७९१ | ४३८९७९४ |
| ३८ | आन्तरिक राजस्व कार्यालय, कलंकी | ०१ | ४२८९९५२ | ४२८५९५१ |
| ३९ | आन्तरिक राजस्व कार्यालय, कालिमाटी | ०१ | ४२८३६५८ | ४२८२८१२ |
| ४० | आन्तरिक राजस्व कार्यालय, टंगाल | ०१ | ४४३९४७७ | ४४३९४७६ |
| ४१ | आन्तरिक राजस्व कार्यालय, ललितपुर २ | ०१ | ५५३६९३२ | ५५३६९३२ |
| ४२ | आन्तरिक राजस्व कार्यालय, डडेल्धुरा | ०९६ | ४१०३०५ | ४१०३०९ |
| ४३ | आन्तरिक राजस्व कार्यालय, इटहरी | ०२५ | ५२१६५५ | ५८१६५५ |
| ४४ | आन्तरिक राजस्व कार्यालय, जुम्ला | ०८७ | ५२०५५२ | ५२०५५२ |
| ४५ | आन्तरिक राजस्व कार्यालय, कावासोती | ०७८ | ५४०५०१ | |
| ४६ | आन्तरिक राजस्व कार्यालय, जोरपाटी | | ४९१४१९० | |
| ४७ | करदाता सेवा कार्यालय, विराटचोक, मोरङ्ग | ०२१ | ५४५९५९ | ५२२७१७ |
| ४८ | करदाता सेवा कार्यालय, मलङ्गवा, सर्लाही | ०४६ | ५२०४५३ | |
| ४९ | करदाता सेवा कार्यालय, राजविराज, सप्तरी | ०३१ | ५२०२६७ | |
| ५० | करदाता सेवा कार्यालय, लुक्ला सोलुखुम्बु | | ९८५२८५०१४२ | |
| ५१ | करदाता सेवा कार्यालय, लम्की | ०९१ | ५४०४५५ | |
| ५२ | करदाता सेवा कार्यालय, खोटाङ्ग | ०३६ | ४२००१० | |
| ५३ | करदाता सेवा कार्यालय, गल्छी, धादिङ्ग | ०१० | ४०३२३३ | ४०३२३४ |
| ५४ | करदाता सेवा कार्यालय, धनकुटा | ०२६ | ५२०१४० | ५२०१४१ |
| ५५ | करदाता सेवा कार्यालय, इलाम | ०२७ | ५२०११२ | ५२०११२ |
| ५६ | करदाता सेवा कार्यालय, उदयपुर | ०३५ | ५२१५४१ | ४२१५४१ |
| ५७ | करदाता सेवा कार्यालय, पाल्पा | ०७५ | ५२०११७ | ५२२०४२ |
| ५८ | करदाता सेवा कार्यालय, बर्दिवास | ०४४ | ५५०४६९ | ५५०४६९ |
| ५९ | करदाता सेवा कार्यालय, गौर, रौतहट | ०५५ | ५२०४२९ | ५२०४२९ |
| ६० | करदाता सेवा कार्यालय, फिदिम, पाँचथर | ०२४ | ५२११३१ | |
| ६१ | करदाता सेवा कार्यालय, खाँदवारी, संखुवासभा | ०२९ | ५६०८१७ | |
| ६२ | करदाता सेवा कार्यालय, भोजपुर | ०२९ | ४२०६३३ | |
| ६३ | करदाता सेवा कार्यालय, ओखढुङ्गा | ०३७ | ५२०७२९ | |
| ६४ | करदाता सेवा कार्यालय, जलेश्वर | ०४४ | ५२०८५५ | |
| ६५ | करदाता सेवा कार्यालय, लालबन्दी | ०४६ | ५०११७७ | |
| ६६ | करदाता सेवा कार्यालय, कलैया | ०५३ | ५५२०३२ | |
| ६७ | करदाता सेवा कार्यालय, चन्द्रपुर | ०५५ | ५४०६३४ | |
| ६८ | करदाता सेवा कार्यालय, सिन्धुली | ०४७ | ५२१३५८ | |
| ६९ | करदाता सेवा कार्यालय, मन्थली | ०४८ | ५४००९५ | |
| ७० | करदाता सेवा कार्यालय, चरिकोट | ०४९ | ४२१२७५ | |
| ७१ | करदाता सेवा कार्यालय, खैरहनी चितवन | ०५६ | ५८२८२० | |
| ७२ | करदाता सेवा कार्यालय, गोरखा | ०६४ | ४२००६६ | |
| ७३ | करदाता सेवा कार्यालय, बेसीशहर | ०६६ | ५२१४६७ | |

| | | | | |
|---|---|---|---|---|
| ७४ | करदाता सेवा कार्यालय, परासी | ०७८ | ५२०७७५ | |
| ७५ | करदाता सेवा कार्यालय, पुतलीवजार | ०६३ | ४२०८८८ | |
| ७६ | करदाता सेवा कार्यालय, कुस्मा | ०६७ | ४२२२३० | |
| ७७ | करदाता सेवा कार्यालय, तम्घास | ०७९ | ५२००१९ | |
| ७८ | करदाता सेवा कार्यालय, तौलिहवा | ०७६ | ५६०९४३ | |
| ७९ | करदाता सेवा कार्यालय, चकचके प्युठान | | ९८५७८३६०५६ | |
| ८० | करदाता सेवा कार्यालय, सन्धिखर्क | ०७७ | ४२०९२० | |
| ८१ | करदाता सेवा कार्यालय, गुलरीया | ०८४ | ४२०७२५ | |
| ८२ | करदाता सेवा कार्यालय, श्रीनगर सल्यान | ०८८ | ४००१६४ | |
| ८३ | करदाता सेवा कार्यालय, साँफेवगर अछाम | ०९७ | ६२५२७४ | |
| ८४ | करदाता सेवा कार्यालय, दिपायल | ०९४ | ५९००३० | |
| ८५ | करदाता सेवा कार्यालय, पथरी | ०२१ | ५५५१२२ | ४४११७८८ |

## (ङ) भन्सार विभाग र अन्तर्गतका कार्यालयहरुको टेलिफोन र फ्याक्स नम्बरहरुः

| सि.नं. | कार्यालयको नाम | कोड नं. | टेलिफोन नं. | फ्याक्स नं. |
|---|---|---|---|---|
| १ | भन्सार विभाग | ०१ | ४११७२२३ | ४२५९८०८ |
| २ | ओलाङचुङगोला भन्सार, ताप्लेजुङ्ग | ०२७ | ५५०००४ | ५५०००४ |
| ३ | पशुपतिनगर भन्सार | ०२७ | ५५०००४ | ५५०००४ |
| ४ | मेची भन्सार | ०२३ | ५६२०३४ | ५६२००४ |
| ५ | भद्रपुर भन्सार, भद्रपुर | | ९८५२६२००३९ | |
| ६ | विराटनगर भन्सार | ०२१ | ४३५८४३ | ४३६२९७ |
| ७ | किमाथाङ्का भन्सार, संखुवासभा | | | |
| ८ | सुनसरी भन्सार | ०२५ | ४६००३० | ४६००३० |
| ९ | राजविराज भन्सार | ०३१ | ५२०१९६ | ५२०१९६ |
| १० | सिराहा भन्सार | ०३३ | ५२०३२२ | ५२०१५६ |
| ११ | जनकपुर भन्सार | ०४१ | ५२०१६६ | ५२०८५० |
| १२ | जलेश्वर भन्सार | ०४४ | ५२०२०२ | ५२०२०२ |
| १३ | सर्लाही भन्सार | ०४६ | ५२०१५४ | ५२०१५४ |
| १४ | गौर भन्सार | ०५५ | ५२०११० | ५२०२२० |
| १५ | वीरगंज भन्सार | ०५१ | ५२२२२० | ५२८७०० |
| १६ | सुक्खा वन्दरगाह भन्सार | ०५१ | ६२११६२ | ५३३३२२ |
| १७ | लार्के भन्सार, गोरखा | | | |
| १८ | मुस्ताङ्ग भन्सार, नेचुङ्ग | | | |
| १९ | महेशपुर भन्सार, नवलपरासी | | ९८५७०४६९४४ | |
| २० | भैरहवा भन्सार | ०७१ | ५२०१२४ | ५२०८३४ |
| २१ | सुठौली भन्सार, कपिलवस्तु | | | |
| २२ | कृष्णनगर भन्सार | ०७६ | ५२००३० | ५२००७३ |
| २३ | कोइलावास भन्सार | ०७६ | ५२००३० | ५२००७३ |

| सि.नं. | कार्यालयको नाम | कोड नं. | टेलिफोन नं. | फ्याक्स नं. |
|---|---|---|---|---|
| २४ | नेपालगञ्ज भन्सार | ०८१ | ५२०२७९ | ५२०२७६ |
| २५ | राजापुर भन्सार | ०८४ | ४२०९३३ | ४६०१५० |
| २६ | मुगु भन्सार, मुगु | | | |
| २७ | यारिनाका भन्सार, हुम्ला | | | |
| २८ | सती भन्सार, कैलाली | | ९८५८४८८४०९ | |
| २९ | कैलाली भन्सार | ०९१ | ५२११४२ | ५२११४२ |
| ३० | कञ्चनपुर भन्सार | ०९९ | ५२१२३६ | ५२२३१४ |
| ३१ | महाकाली भन्सार, सुलाधाट | ०९५ | ६९०८६३ | ६९०८६३ |
| ३२ | लामाबगर भन्सार कार्यालय, दोलखा | | | |
| ३३ | तातोपानी भन्सार | ०११ | ४८०१३१ | ४८०१३४ |
| ३४ | त्रि.वि.स्थल भन्सार | ०१ | ४४७०११० | ४४७४४२६ |
| ३५ | रसुवा भन्सार | ०१० | ६७०१८२ | |
| ३६ | भन्सार जाँचपास परीक्षण | ०१ | ४४६२३८१ | ४४६२३८५ |

## (च) मन्त्रालय अन्तर्गतका बिभिन्न निकायहरुको टेलिफोन नं. र फ्याक्स नम्बरहरु :

| सि.नं. | कार्यालयको नाम | टेलिफोन नं. | फ्याक्स नं. |
|---|---|---|---|
| १ | नेपाल राष्ट्र बैंक(केन्द्रिय कार्यालय) | ४४१०३८६ | ४४१०१५९ |
| २ | राष्ट्रिय वाणिज्य बैंक | ४२५२५९५ | ४२५२९३१ |
| ३ | कृषि विकास बैंक (केन्द्रिय कार्यालय) | ४२६२६९० | ४२६२९२९ |
| ४ | ऋण असुली पुनरावेदन न्यायाधिकरण | ४२२४८९१ | ४२२४९११ |
| ५ | ऋण असुली न्यायाधिकरण | ४४४१४१९ | ४४४१४१८ |
| ६ | नागरिक लगानी कोष | ४७८५७८४ | ४७८४९४५ |
| ७ | बीमा समिति | ४८११०५७ | ४८१०४९० |
| ८ | राष्ट्रिय विमा संस्थान | ४२६२५२० | ४२६२६१० |
| ९ | कर्मचारी संचय कोष | ५०१०१६५ | ५०१०२३० |
| १० | साना किसान विकास बैंक (वित्तीय संस्थान) | ४१११८२८ | ४१११९०१ |
| ११ | निक्षेप तथा कर्जा सुरक्षण कोष | ४४२१२४१ | ४४१०१२७ |
| १२ | धितोपत्र बोर्ड, नेपाल | ५५४१०५७ | ५५४१०५८ |
| १३ | नेपाल स्टक एक्सचेन्ज लिमिटेड | ४२५०७३५ | ४२६२५३८ |
| १४ | राष्ट्रिय बीमा कम्पनी लिमिटेड | ४२५८८६६ | ४२५८७२१ |
| १५ | नेपाल पुनर्बीमा कम्पनी लिमिटेड | ४२१८४५८ | ४१०१५९३ |
| १६ | सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड | ४२३८००८ | ४२४०३५७ |

# अर्थ मन्त्रालय
## कार्यालय कोड नं.: ३०५००३५०१
## खर्चको फाटवारी
## पुष महिनाको

**म. ले. प. फा. न. २१०**

**आर्थिक बर्ष:-** २०७८/७९

**बजेट उपशीर्षक :** अर्थ मन्त्रालय [३०५०००११३]

| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | १२०,२२१,०००.०० | -२३८,५५३.७१ | ५८,७४२,५०१.२७ | ९,८०५,२३२.१४ | ६८,५४७,७३३.४१ | ० | ६८,५४७,७३३.४१ | ५१,६७३,२६६.५९ |
| २१११२ | पारिश्रमिक पदाधिकारी | ३,९८०,०००.०० | -२९,८७८.०० | १,८४४,१६८.४१ | ३५७,८८८.०० | २,२०२,०५६.४१ | ० | २,२०२,०५६.४१ | १,७७७,९४३.५९ |
| २११२१ | पोशाक | १,९२०,०००.०० | ० | ० | ० | ० | ० | ० | १,९२०,०००.०० |
| २११३२ | महंगी भत्ता | ४,७०४,०००.०० | -१६,०००.०० | २,०८९,४७२.५९ | ४०३,८६६.६७ | २,४९३,३३९.२६ | ० | २,४९३,३३९.२६ | २,२१०,६६०.७४ |
| २११३४ | कर्मचारीको बैठक भत्ता | १,४२०,०००.०० | -१,२७५.०० | १,२७४,०००.०० | ५१,२२५.०० | १,३२५,२२५.०० | ० | १,३२५,२२५.०० | ९४,७७५.०० |
| २११३९ | अन्य भत्ता | ३,६००,०००.०० | ० | १८८,६००.०० | १,०३८,९००.०० | १,२२७,५००.०० | ० | १,२२७,५००.०० | २,३७२,५००.०० |
| २११४२ | पदाधिकारी अन्य सुबिधा | ३५०,०००.०० | -२,०००.०० | ९२,६९३.०० | १८,५००.०० | १११,१९३.०० | ० | १११,१९३.०० | २३८,८०७.०० |
| २१२१२ | योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | ७००,०००.०० | ० | ७,५७३.५० | २,२७९.४० | ९,८५२.९० | ० | ९,८५२.९० | ६९०,१४७.१० |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | ९४१,०००.०० | -३,२००.०० | ४२०,४००.०० | ८१,६००.०० | ५०२,०००.०० | ० | ५०२,०००.०० | ४३९,०००.०० |
| २२१११ | पानी तथा बिजुली | ८,२००,०००.०० | ० | १,६५७,१३५.८१ | ४०१,४४१.८७ | २,०५८,५७७.६८ | ० | २,०५८,५७७.६८ | ६,१४१,४२२.३२ |
| २२११२ | संचार महसुल | ३,१००,०००.०० | ० | २६२,५२४.०७ | ३०,११३.८० | २९२,६३७.८७ | ७,७००.०० | २८४,९३७.८७ | २,८०७,३६२.१३ |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ११,६६४,०००.०० | ० | ५,५१५,४२३.८३ | १,२३६,४२८.४९ | ६,७५१,८५२.३२ | ० | ६,७५१,८५२.३२ | ४,९१२,१४७.६८ |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ११,५००,०००.०० | -५००,२५३.०० | ४,९४८,५२३.०० | १,४९७,१९०.०० | ६,४४५,७१३.०० | ० | ६,४४५,७१३.०० | ५,०५४,२८७.०० |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | ३,०००,०००.०० | ० | १,१०२,०००.०० | २,०००.०० | १,१०४,०००.०० | १,१००,०००.०० | ४,०००.०० | १,८९६,०००.०० |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २,६६०,०००.०० | ० | ७५१,८५७.०० | ६७,७४९.०० | ८१९,६०६.०० | ० | ८१९,६०६.०० | १,८४०,३९४.०० |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | १,६००,०००.०० | ० | ३६६,२८०.०० | ४०,५७०.०० | ४०६,८५०.०० | ० | ४०६,८५०.०० | १,१९३,१५०.०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २२२९१ | अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | २,२००,०००.०० | ० | ३०४,८१०.०० | २२०,३३७.०० | ५२५,१४७.०० | ० | ५२५,१४७.०० | १,६७४,८५३.०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | १३,१८०,०००.०० | ० | ७,६८८,२४७.०० | ६८७,०३८.०० | ८,३७५,२८५.०० | ० | ८,३७५,२८५.०० | ४,८०४,७१५.०० |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | २००,०००.०० | -३५,२९०.०० | १००,७८८.०० | -२१,९९०.०० | ७८,७९८.०० | ० | ७८,७९८.०० | १२१,२०२.०० |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | १००,०००.०० | -४,१४१.०० | ४,३५०.०० | १,०५०.०० | ५,४००.०० | ० | ५,४००.०० | ९४,६००.०० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १८,९९०,०००.०० | -३७१,९९७.०० | ७,६१०,१०५.४८ | २,१४६,६७५.३१ | ९,७५६,७८०.७९ | ० | ९,७५६,७८०.७९ | ९,२३३,२१९.२१ |
| २२४११ | सेवा र परामर्श खर्च | २,६९२,०००.०० | ० | ० | ० | ० | ० | ० | २,६९२,०००.०० |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ५,११३,०००.०० | ० | १,५४२,८०३.०० | ० | १,५४२,८०३.०० | ० | १,५४२,८०३.०० | ३,५७०,१९७.०० |
| २२४१३ | करार सेवा शुल्क | १६,२७६,०००.०० | ० | ४,७०८,१८४.०० | १,१०६,६१७.०० | ५,८१४,८०१.०० | ० | ५,८१४,८०१.०० | १०,४६१,१९९.०० |
| २२५११ | कर्मचारी तालिम खर्च | ८००,०००.०० | ० | ० | ० | ० | ० | ० | ८००,०००.०० |
| २२५२२ | कार्यक्रम खर्च | ३६,०८४,०००.०० | ० | ९०५,८४०.०० | ४९५,०००.०० | १,४००,८४०.०० | २०७,५००.०० | १,१९३,३४०.०० | ३४,६८३,१६०.०० |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | ४,२५०,०००.०० | ० | १,९४९,४८४.०० | १,१९२,५९८.०० | ३,१४२,०८२.०० | ० | ३,१४२,०८२.०० | १,१०७,९१८.०० |
| २२६१२ | भ्रमण खर्च | ८५०,०००.०० | ० | १४५,९५७.०० | १९०,१११.०० | ३३६,०६८.०० | ० | ३३६,०६८.०० | ५१३,९३२.०० |
| २२७११ | विविध खर्च | १२,०५०,०००.०० | ० | ७,५६०,८२९.०० | ८००,६३७.०० | ८,३६१,४६६.०० | ० | ८,३६१,४६६.०० | ३,६८८,५३४.०० |
| २६४११ | सरकारी निकाय, समिति एवं बोर्डहरूलाई निःशर्त चालु अनुदान | १६,६००,०००.०० | ० | ५,०००,०००.०० | २,७५०,०००.०० | ७,७५०,०००.०० | ० | ७,७५०,०००.०० | ८,८५०,०००.०० |
| २६४१२ | सरकारी निकाय, समिति एवं बोर्डहरूलाई सःसर्त चालु अनुदान | | ० | ० | ० | ० | ० | ० | |
| २७११२ | अन्य सामाजिक सुरक्षा | | ० | ० | ० | ० | ० | ० | |
| २८१४३ | सवारी साधन तथा मेशिनर औजार भाडा | २,०००,०००.०० | ० | ४४९,२८८.०० | ११२,३२२.०० | ५६१,६१०.०० | ० | ५६१,६१०.०० | १,४३८,३९०.०० |
| कुल जम्मा | | ३१०,९४५,०००.०० | -१,२०२,५८७.७१ | ११७,२३३,८३७.९६ | २४,७१५,३७९.६८ | १४१,९४९,२१७.६४ | १,३१५,२००.०० | १४०,६३४,०१७.६४ | १६८,९९५,७८२.३६ |

# अर्थ मन्त्रालय

## कार्यालय कोड नं.: ३०५००३५०१

## खर्चको फाटवारी

## पुष महिनाको

म. ले. प. फा. न. २१०

**आर्थिक बर्ष:-** २०७८/७९

**बजेट उपशीर्षक :** अर्थ मन्त्रालय[३०५०००११४]

| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| ३११२२ | मेशिनरी तथा औजार | ९,७६५,०००.०० | -५५०,८५२.०० | ३,९७४,२३५.०० | ० | ३,९७४,२३५.०० | ० | ३,९७४,२३५.०० | ५,७९०,७६५.०० |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | १,९८०,०००.०० | ० | ३८२,०६३.०० | ० | ३८२,०६३.०० | ० | ३८२,०६३.०० | १,५९७,९३७.०० |
| ३११३४ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | ३८७,०००.०० | ० | ० | ० | ० | ० | ० | ३८७,०००.०० |
| ३११७१ | पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | १,०००,०००.०० | ० | १११,२४७.०० | ० | १११,२४७.०० | ० | १११,२४७.०० | ८८८,७५३.०० |
| कुल जम्मा | | १३,१३२,०००.०० | -५५०,८५२.०० | ४,४६७,५४५.०० | ० | ४,४६७,५४५.०० | ० | ४,४६७,५४५.०० | ८,६६४,४५५.०० |